दमकल : ०९१-५६०४९९
प्र.प्र.अ.: ०९१-५६०७१८
आ.वि.शाखा.: ०९१-५६०७९३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूर पश्चिम प्रदेश, नेपाल

प.सं. : २०७९/०८० (आर्थिक विकास शाखा)
च.नं. :

मिति : २०७९/०५/१०

## आफ्नो कार्यक्षेत्र भित्र रहेका सदस्यहरु संग मात्र कारोबार गर्ने सम्बन्धी सहकारी संस्थाहरूलाई सूचना

टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ३९ को उपदफा (१) मा सहकारी संस्थाले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न, सो को परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्ने व्यवस्था रहेको छ, साथै सोहि ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (ज) मा सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोवार गरेमा वा गैर सदस्यसँग कारोवार गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था रहेकोले यस टीकापुर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुले उक्त प्रावधानहरुको विपरित नहुने गरी कार्य सञ्चालन गर्न गराउन अनुरोध छ । अन्यथा कानुन वमोजिम कारबाई गरिने बेहोरा समेत जानकारी गराइन्छ ।

.............................................
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत एवं दर्ता गर्ने अधिकारी
प्रमुख प्रशासकीय

Email : sahakaritikapurmun@gmail.com